# संझौता पत्र

जिल्ला काभ्रे, बनेपा नगरपालिका वडा नं.११ बस्ने दल बहादुर भुजेल को नाती शंभु भुजेलको छोरा भवशंकर भुजेल (जसलाई यसपछि प्रथम पक्ष भनिने छ ) र जिल्ला काभ्रेपलाञ्चोक, धुलिखेल नगरपालिका वडा नं.७ मा अवस्थित काठमाडौं विश्वविद्यालय ( जसलाई यसपछि द्बितीय पक्ष भनिने छ । ) का वीच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही करार ऐन २०२३ बमोजिम यो संझौता गरिएको छ ।

## तपसील

१. दोश्रो पक्षको नाममा रहेको, ७ सीट क्षमताको ग्राडी (जीप) गाडी करारमा उल्लेखित पारिश्रमीकमा चलाउन ( ड्राइभिङ्ग गर्न) मन्जुर गर्दछ ।

२. दोश्रो पक्षका नाममा रहेको गाडी चलाए वापत मासिक पारिश्रमीक रु २५,८७५।- (पच्चीस हजार आठ सय पचहत्तर) मात्र महिना भुक्तानको अन्त्यमा दोश्रो पक्षले प्रथम पक्षलाई भुक्तान गर्ने छ ।

३. दोश्रो पक्षको नाममा रहेको गाडीको इन्धन, मर्मत, सवारीकर बीमा तथा अन्य गाडीमा लाग्ने रकम दोश्रो पक्षको नै व्यहोर्ने छ ।

४. दोश्रो पक्षको सवारी साधन चलाउदा दैनिक चलेको लगबुक खपत भएको इन्धनको हिसाब काठमाडौं विश्वविद्यालय, भौतिक व्यवस्थापन शाखाबाट प्रमाणित गराउनु पर्ने छ ।

५. दोश्रो पक्षका नाममा रहेको सवारी चलाउदा सुरक्षित तरिकाले चलाउनु पर्ने छ ।

६. प्रथम पक्षले गाडी चलाउदा मर्मत तथा सर्भिसिङ्ग गराउनु पर्ने कुराको जानकारी काठमाडौं विश्वविद्यालय भौतिक व्यवस्थापन शाखामा जानकारी गराउने र दोश्रो पक्षले तोकेको कारखानामा मात्र मर्मत गराउनु पर्ने छ ।

७. गाडीको माइलेज प्रति लि. ८ प्रति कि.मी भन्दा कम हुनु हुदैन ।

८. दोश्रो पक्षको सवारी साधन दोश्रो पक्षले तोकेको स्थानमा ग्यारेज गर्नु पर्ने छ ।

९. दोश्रो पक्षको नाममा रहेको गाडी प्रथम पक्षले लापरवाही तरिकाले चलाएको पाइएमा तत्कालै करार तोडि वैकल्पीक व्यवस्था गर्न सकिने छ ।

१०. दोश्रो पक्षले सेवा आवश्यक नपरेमा १५ दिन अगाडी सूचना दिई हटाउन सकिने छ र प्रथम पक्षले छाडन चाहेमा १५ दिनको सूचना दिई छाडन सकिने छ ।

११. यो संझौताको अवधि २०७३ साल बैशाख २ गते देखि १ वर्षको रहने छ ।

१२. उल्लेखित वाहेक अन्य गर्नु परेमा आपसी समझदारीबाट गरिने छ ।

प्रथम पक्ष

श्री भवशंकर भुजेल
बनेपा न.पा.वार्ड नं.११ काभ्रे
सम्पर्क फोन नं.९८४१-४९५९७३

साक्षी

नभेन्द्र पौडेल
मेनेजर

महेन्द्र कुमार निरौला
अधिकृत

दोश्रो पक्ष

डा.भोला थापा
रजिष्ट्रार